कचनकवल गाउँपालिका
Kachankawal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
बनियानी, झापा
Baniyani, Jhapa
कोशी प्रदेश, नेपाल
(Koshi Province, Nepal)

पत्र संख्या(Ref. No): २०८१/०८२ (खरिद व्यवस्थापन तथा भण्डारण शाखा)
सूचना नं. (Inf. No):

# कचनकवल गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण सम्बन्धी सूचना !!!

**प्रकाशित मिति :- २०८१/०६/१४ गते** **ने.स. :-११४४ यलागा, द्वादशी**

कचनकवल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/०६/०७ गतेको कार्यपालिका बैठकको निर्णयानुसार कचनकवल गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाईन गर्न इच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिम शर्तमा रहेर डिजाईन गरी आफै उपस्थित भई वा हुलाक मार्फत वा गाउँपालिकाको इमेल आईडी prashasan.kachankawal@gmail.com मा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र पेश गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु :-**

१. **प्रतिक चिन्ह (लोगो) सम्बन्धी :-**

(क) कचनकवल गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, संस्कृतिक एवं विशिष्ट मौलिक पहिचान झल्कने हुनुपर्ने छ।

(ख) नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्नेछ।

(ग) कुनै पनि धार्मिक, जातीय तथा साम्प्रादायिक विभेद झल्किने, सामाजिक सद्भावमा खलाल पुग्ने तथा नेपालको सार्वभौमिकता, एकता र अखण्डतामा प्रतिकुल असर गर्ने संकेत गर्न पाइने छैन।

(घ) प्रयोग गरिएको सङ्केतहरुको संक्षिप्त व्याख्या समेत गर्नुपर्नेछ।

(ङ) बहुरंगमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्नेछ।

(च) मौलिक एवम् अन्यत्रबाट नक्कल नगरिएको हुनुपर्नेछ।

(छ) A.I को प्रयोग गरिए बनाईएको प्रतिक चिन्हलाई मान्यता दिईने छैन।

२. प्रतिक चिन्ह छनौट सम्बन्धि सम्पूर्ण अधिकार गाउँकार्यपालिकाको कार्यालयको हुनेछ। छनौट भएको प्रतिक चिन्हको सर्वाधिकार गाउँपालिकाको कार्यालयमा रहनेछ र उक्त प्रतिक चिन्हको प्रयोग अन्यत्र गर्न पाइने छैन।

३. प्राप्त भएको कुनै प्रतिक चिन्हहरुमा आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सो अनुसार परिमार्जन गरिदिनुपर्नेछ।

**पुनश्च :-**

*छनौट भएको उत्कृष्ट लोगोलाई गाउँपालिकाले आफ्नो लोगोको रुपमा प्रयोग गर्नेछ र उक्त लोगो डिजाईनकर्तालाई गा.पाबाट पुरस्कार प्रदान गरिनेछ।*

२०८१/६/१४

पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

www.kachankawalmun.gov.np 9852655210, 9852655972
info@kachankawalmun.gov.np kachankawala@gmail.com kachankawal.store@gmail.com